# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

नवौं अधिवेशन

पहिलो बैठक

**दैनिक कार्यसूची**

**मिति २०८२ चैत ८ गते, आइतबार, दिनको १:०० बजे**

**प्रदेश प्रमुखको पत्र**

१. माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी पत्रको वेहोरा पढेर सुनाउनुहुने।

**शोक प्रस्ताव**

२. माननीय सभामुखले गण्डकी प्रदेश सभाका पूर्व प्रदेश सभा सदस्य कृष्ण बहादुर थापाको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने,-

**"शोक प्रस्ताव"**

"गण्डकी प्रदेश सभाका पूर्व प्रदेश सभा सदस्य श्री कृष्ण बहादुर थापाको मिति २०८२ साल फागुन २८ गते बिहिबारका दिन भएको असामयिक निधनप्रति गण्डकी प्रदेश सभा सभा गहिरो दुःख व्यक्त गर्दछ ।

वि.सं. २०५४ सालदेखि २०५९ सालसम्म तत्कालीन पोखरा उपमहानगरपालिकाको नगरप्रमुखका रूपमा कार्यभार सम्हाल्नुभएका स्वर्गीय कृष्ण बहादुर थापा वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ (१) बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) राजनीतिक दलबाट प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो । उहाँ इमान्दार, कर्तव्यनिष्ठ तथा जनताप्रति समर्पित जनप्रतिनिधिका रूपमा परिचित हुनुहुन्थ्यो । उहाँले प्रदेशको विकास, समृद्धि तथा लोकतान्त्रिक अभ्यासको सुदृढीकरणका लागि पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहनेछ।

उहाँको निधनको यस दुःखद घडीमा गण्डकी प्रदेश सभाको यो बैठक उहाँप्रति गहिरो शोक प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

.....................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव